आज मिति २०७५ माघ ३ गते बिहिबार दिनको १:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ६४ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिती

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री टीकाराम ज्ञवाली | सचिव | |

**अन्य उपस्थिती** :-

१. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.
२. शाखा अधिकृत श्री सोमा खड्का
३. लेखा अधिकृत श्री बिन्जु बज्राचार्य
४. ईन्जिनियर श्री मनोज बुढाथोकी
५. क.अ. श्री गीता तामाङ

मिति २०७५/१०/२ गते नगर प्रमुख ज्यूबाट मिति २०७५/१०/३ गते बिहिबार दिनको १:०० बजे नगर कार्यपालिकाको ६४ औं बोर्ड बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिका बाट निर्णय भएका विषयहरु देहाय बमोजिम रहेका छन् ।

<table>
<tr><th>सि नं</th><th>विषय</th><th>कानूनमा उल्लेख भएको व्यहोरा</th><th>निर्णय हुनुपर्ने व्यहोरा</th></tr>
<tr><td>१.</td><td>फोहोर मैला व्यवस्थापनको रकम विनियोजन सम्बन्धमा ।</td><td></td><td>
<ul><li>फोहोरमैला व्यवस्थापन शीर्षकमा विनियोजित रकम रु १० लाख मध्ये मिति २०७५/६/१४ गते नगर कार्यपालिकाको ५८ औं कार्यपालिका बैठकबाट सार्वजनिक शौचालय निर्माण सम्पन्न गर्नको लागि रु. ८,८३,२८०.५७ विनियोजन भई सकेको हुँदा उक्त योजनामा विनियोजित रकम चालु आ.ब.को रजिष्ट्रेशन बापत प्राप्त राजश्व खर्च व्यहोर्ने गरी सम्झौता गर्ने र फोहोरमैला व्यवस्थापन शीर्षकमा विनियोजित रकम रु १० लाख तपसिल बमोजिम बाँडफाँड गरियो ।</li></ul>
<u>तपसिल</u>
<table>
<tr><th>क्र.सं</th><th>विवरण</th><th>विनियोजित रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>फोहोरमैला सरसफाई केन्द्रका लागी जग्गा भाडा</td><td>१०००००।-</td><td></td></tr>
<tr><td>२.</td><td>सरसफाई सम्बन्धि जनचेतना एवं अनुशिक्षण कार्यक्रम</td><td>२०००००।-</td><td></td></tr>
<tr><td>३.</td><td>सरसफाई सम्बन्धि नमुना कार्यक्रमको अवलोकन भ्रमण</td><td>२०००००।-</td><td></td></tr>
<tr><td>४.</td><td>सरसफाई जनशक्ति परिचालन</td><td>२०००००।-</td><td></td></tr>
<tr><td>५.</td><td>फोहोर मैला केन्द्र व्यवस्थापन र सामाग्री</td><td>२५००००।-</td><td></td></tr>
<tr><td>६.</td><td>बैठक व्यवस्थापन खर्च</td><td>५००००।-</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१००००००।-</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>२.</td><td>युवा स्वरोजगार कार्यक्रम सम्बन्धमा ।</td><td></td><td>
<ul><li>युवा स्वरोजगार कार्यक्रम शीर्षकमा विनियोजित रकम रु २० लाख तपसिल बमोजिम बाँडफाँड गरियो ।</li></ul>
<u>तपसिल</u>
<table>
<tr><th>क्र.सं</th><th>विवरण</th><th>विनियोजित रकम</th><th>कैफियत</th></tr>
</table>
</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १. | थान्का तालिम | ५०००००।- | प्रत्येक वडाबाट सहभागी हुने गरि । |
| २. | कपाल काट्ने शैलुन | ५०००००।- | प्रत्येक वडाबाट सहभागी हुने गरि । |
| ३. | पितलको भाडा बनाउने तालिम | ५०००००।- | प्रत्येक वडाबाट सहभागी हुने गरि । |
| ४. | हस्तकला तालिम (बुद्ध मुर्ति (ढुङ्गा/काठ) बनाउने, हस्तकला क्रिष्टल भर्ने) । | ५०००००।- | प्रत्येक वडाबाट सहभागी हुने गरि । |
| **जम्मा** | | **२००००००।-** | |

३. युवा लक्षित कार्यक्रम सम्बन्धमा ।

- युवा लक्षित कार्यक्रम शीर्षकमा विनियोजित रकम रु १० लाख तपसिल बमोजिम बाँडफाँड गरियो ।

| **क.सं** | **विवरण** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | व्याटमिन्टन कोट निर्माण (२ वटा) | २०००००।- | द.न.पा. १ र ४ |
| २. | फर्पिङ क्रिकेट | ५००००।- | नगर स्तरीय |
| ३. | वडा स्तरीय फुटबल प्रतियोगिता | ३२५०००।- | सबै वडाहरु |
| ४. | बुद्धिचाल खेल | ५००००।- | नगर स्तरीय |
| ५. | किशोरीहरुको लागि आत्मसुरक्षा तालिम | ३०००००।- | नगर स्तरीय |
| ६. | खेलकुद सहयोग कार्यक्रम (राष्ट्रिय अन्तराष्ट्रिय पदक विजेता खेलाडी सम्मान समेत) | ७५०००।- | नगर स्तरीय |
| **जम्मा** | | **१००००००।-** | |

४. महिला लक्षित कार्यक्रम सम्बन्धमा ।

- महिला लक्षित कार्यक्रम शीर्षकमा विनियोजित  रकम तपसिल बमोजिम बाँडफाँड गरियो ।

| **क.सं** | **कार्यक्रम** | **स्थान** | **विनियोजित बजेट** | **कैफियत** |
|---|---|---|---|---|
| १. | कपी उद्योग संचालन | नगर स्तरीय | ४००००० | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>२.</td><td>ठेलगाढा व्यवसाय संचालन</td><td>सबै वडा</td><td>३१५०००</td><td></td></tr>
<tr><td>३.</td><td>होम स्टे संचालन</td><td>होम स्टे भएको स्थान</td><td>५०००००</td><td></td></tr>
<tr><td>४.</td><td>अचार/क्यान्डी उद्योग संचालन</td><td>द.न.पा. १,८ र ९</td><td>३०००००</td><td></td></tr>
<tr><td>५.</td><td>गार्मेन्ड उद्योग संचालन (झोला, विद्यालय पोशाक आदि)</td><td>नगर स्तरीय</td><td>१००००००</td><td></td></tr>
<tr><td>६.</td><td>नेवारी खाजा घर संचालन</td><td>द.न.पा. ६</td><td>३०००००</td><td></td></tr>
<tr><td>७.</td><td>सामुहिक बाखा पालन</td><td>द.न.पा. ४</td><td>३०००००</td><td></td></tr>
<tr><td>८.</td><td>हाते कागज उद्योग</td><td>नगर स्तरीय</td><td>६३५०००</td><td></td></tr>
<tr><td>९.</td><td>चल्ला उत्पादन गर्ने मेशिन (लोकल)</td><td>द.न.पा. ८ र ९</td><td>२०००००</td><td></td></tr>
<tr><td>१०.</td><td>फुल खेती (नर्सरी)</td><td>नगर स्तरीय</td><td>१५००००</td><td></td></tr>
<tr><td>११.</td><td>फलफुल खेती</td><td>द.न.पा. २</td><td>२०००००</td><td></td></tr>
<tr><td>१२.</td><td>किशोरीका लागी नेतृत्व विकास तथा प्रजनन् स्वास्थ्य,</td><td>नगर स्तरीय</td><td>३०००००</td><td></td></tr>
<tr><td>१३.</td><td>बालगृहरुको नियमन, अनुगमन र क्षमता विकास</td><td>नगर स्तरीय</td><td>१०००००</td><td></td></tr>
<tr><td>१४.</td><td>गोठ सुधार कार्यक्रम</td><td>द.न.पा. ७</td><td>३०००००</td><td></td></tr>
<tr><td>१५.</td><td>तरकारी खेती तालिम</td><td>द.न.पा. ३</td><td>१०००००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५१०००००</td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>५.</td>
<td>ल्यान्ड फिल्ड साईड भाडामा लिने सम्बन्धमा ।</td>
<td></td>
<td>• फोहोर मैला व्यवस्थापनका लागि ल्यान्ड फिल्ड साईड भाडामा लिन दक्षिणकाली न.पा. वडा नं ९ स्थित बालकृष्ण रञ्जित र श्रीकृष्ण रञ्जित गरी २ जनाको नाममा रहेको साविक वडा नं १(ग) कि.नं. ८०,८१ र ८२ क्षेत्रफल ७-११-२-० पुरै जग्गा र घर टहरा उपयुक्त देखिएको र जग्गाधनी समेत जग्गा भाडामा दिन मञ्जुर भएको हुँदा वार्षिक रु. २,००,००० (दुई लाख) का दरले दश वर्षका लागि उक्त जग्गा भाडामा लिई फोहोर मैला व्यवस्थापन कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।</td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| ६. | थप सेवा सुविधा सम्बन्धमा । | | • मिति २०७५/९/१७ गतेको ६३ औं कार्यपालिका बैठकबाट यस कार्यालयमा खटिएका कर्मचारीहरु मध्ये कार्यालय समय भन्दा अगाडी पछाडी खटिएको कर्मचारीहरुलाई थप सुविधा दिन प्रमुख प्रशासकीय अधिकृतले आगामी बैठकमा प्रस्तावना पेश गर्ने निर्णय भए अनुसार निम्नानुसारको सेवा सुविधा दिने निर्णय गरियो ।<br>**<u>तपसिल</u>**<br>१. कार्यालय समयभन्दा अघि पछी विदाका दिन कार्य गर्ने वडा सचिवहरुका लागि तोकिएको ढाँचामा सम्बन्धित वडा अध्यक्षको सिफारिसमा बढीमा खाईपाई आएको तलब स्केलको मासिक ७ दिन सम्मको प्रोत्साहन भत्ता दिने ।<br>२. कार्यालय समयभन्दा अघि पछी विदाका दिन कार्य गर्ने नगरपालिकाका कर्मचारीहरुका लागि तोकिएको ढाँचामा कार्यालय प्रमुखको लग बुक प्रमाणीत गरी बढीमा खाईपाई आएको तलब स्केलको मासिक १५ दिन सम्मको प्रोत्साहन भत्ता दिने ।<br>३. कार्यालय समयभन्दा अघि पछी विदाका दिन कार्य गर्ने प्रमुख प्रशासकीय अधिकृतका लागि तोकिएको ढाँचामा नगर प्रमुखबाट लग बुक प्रमाणीत गरी बढीमा खाईपाई आएको तलब स्केलको मासिक १५ दिन सम्मको प्रोत्साहन भत्ता दिने । |
| ९. | आर्थिक ऐन सम्बन्धमा । | | • स्थानीय राजस्व परामर्श समितिले विभिन्न मितिमा बसेर हाल दक्षिणकाली नगरपालिकाको आर्थिक ऐनलाई समय सापेक्ष परिमार्जित गरि सम्सोधित पेश भएको आर्थिक ऐनलाई आगामी मिति २०७५/१०/६ गते हुने नगरसभामा स्वीकृतीको लागी पेश गर्ने निर्णय गरियो । |
| १०. | सहकारी ऐन सम्बन्धमा । | | • नेपालको संविधान २०७२ को अनुसूची ९ मा रहेको साझा अधिकार मध्येको सहकारी सम्बन्धि अधिकार स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(ख) मा भएको सहकारी संस्था दर्ता, नविकरण, नियमन, परिचालन, स्थानीय निति कानुन, मापदण्ड निर्माण र कार्यान्वयनका लागी दक्षिणकाली नगरपालिकाको स्थानीय सहकारी ऐन २०७५ स्वीकृतीको लागी आगामी मिति २०७५/१०/६ गते हुने नगरसभामा स्वीकृतीको लागी पेश गर्ने निर्णय गरियो । |
| १२. | विविध | | • चालु आ.ब.को नियमित लेखा परिक्षण गर्नु पर्ने हुँदा यस कार्यालयमा आन्तरिक लेखा परिक्षण शाखा तथा |

| | | | |
|---|---|---|---|
| | | | कर्मचारी नतोकीएकोले उक्त कार्य गर्न कोष तथा लेखा नियन्त्रण कार्यालय, त्रिपुरेश्वरलाई अनुरोध गर्ने निर्णय गरियो ।<br>• दक्षिणकाली नगरपालिका वडा नं २ स्थित कामधेनु मा.वि.लाई कृषि क्याम्पस स्थापना गर्न यस नगरपालिकाबाट बजेट विनियोजन गर्न आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।<br>• भूकम्प पिडितको निजि आवाशका लागी पुरानो घर भएको यथास्थानमा नयाँ घर निर्माण गर्न आवश्यक नक्सा सम्बन्धमा आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।<br>• आगामी मिति २०७५/१०/१९ गते हुन गईरहेको दक्षिणकाली बोसन महोत्सव भव्य र उत्कृष्ठ बनाउन सबै कार्यपालिका सदस्यहरु र नगरसभा सदस्यहरु सहभागी हुने निर्णय गरियो । |